Regd. No. 143163/060/061
PAN: 302284335

# Shuvam Power Limited
# शुभम पावर लिमिटेड

च.नं. ००१ - २०८२/०८३

मिति २०८२/०८/०३

**श्री नेपाल धितोपत्र बोर्ड,**
खुमलटार, ललितपुर ।

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,**
युएनआई शान्ती मार्ग, भद्रकाली, काठमाण्डौं ।

**श्री विद्युत नियमन आयोग,**
सानोगौचरण, काठमाण्डौं ।

**श्री मुक्तिनाथ क्यापिटल लिमिटेड,**
काठमाण्डौं ।

**विषय : जानकारी गराएको बारे ।**

महोदय,

उपरोक्त विषयमा यस शुभम पावर लिमिटेडको मिति २०८२/०८/०३ गते अपरान्ह ३:३० बजे बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको आ.व. २०८१/०८२ को वार्षिक साधारण सभा मिति २०८२/०८/२६ गते (तद्नुसार डिसेम्वर १२, २०२५) गर्ने निर्णय भएको तथा बार्षिक साधारण सभाका लागि मिति २०८२/०८/१४ गते आईतबार बुकक्लोज मिति तोक्ने निर्णय भएको व्यहोरा अनुरोध छ । साथै सो सूचना मिति २०८२/०८/०४ र ०५ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ । प्रकाशित सुचनाको नमुना यसै पत्र साथ संलग्न गरीएको छ ।

भवदीय

..............................
संयोजक
शुभम पावर लिमिटेड

# शुभम पावर लिमिटेड

**केन्द्रिय कार्यालय, काठमाण्डौ ।**

**फोन नं. ०१-५७०५५९०**

# ११(एघार)औं बार्षिक साधारण सभा सम्वन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०८।०४

श्री शेयरधनी महानुभावहरु,

मिति २०८२/०८/०३ मा सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम शुभम पावर लिमिटेडको ११ (एघार) औं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनीहरुका समुपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

**स्थान :** स्मार्ट दरबार, शंखपार्क, काठमाण्डौं ।

**मिति** : २०८२/०८/२६ गते शुक्रबार (तद्नुसार डिसेम्बर १२, २०२५)

**समय :** अपरान्ह १२.३० वजे ।

**छलफलका लागि प्रस्तावित विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने ।

(३) आ.व.२०८२/०८३ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।

(४) संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने ।

(५) संस्थागत सुसाशन सम्बन्धि प्रतिवेदन स्विकृत गर्ने ।

(६) संचालक समितिको भत्ता, सेवा सुविधा सम्बन्धमा,

(७) विविध

**साधारण सभा सम्बन्धी अन्य थप जानकारी :**

१. साधारण सभा प्रयोजनका लागि मिति २०८२/०८/१४ गते आइतबारका दिन यस कम्पनीको शेयर दर्ता पुस्तिकाबन्द रहने छ। साथै शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा भएको कारोवार बाट कायम भएका शेयरधनीहरुले मात्र कम्पनीको बार्षिक साधारण सभामा भाग लिन सक्नेछन् ।

२. वार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ ।

३. शेयरधनी महानुभावहरुको उपस्थितीका लागि शेयरधनी उपस्थिती पुस्तिका विहान १२:०० वजे देखि खुल्ला रहनेछ ।

४. बार्षिक साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाबै कम्पनीको केन्द्रिय कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाईने छैन ।

५. एक जना शेयरधनीले एक भन्दा बढी प्रतिनिधी (प्रोक्सी) मुकरर गरेमा सबै प्रतिनिधी (प्रोक्सी) स्वतः बदर हुनेछ । तर प्रतिनिधी (प्रोक्सी) नियूक्त गरिसके पछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधीपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधीपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने व्यहोराको छुट्टै पत्र सहित प्रोक्सी फारम कम्पनीको केन्द्रिय कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधी (प्रोक्सी) स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधी (प्रोक्सी) लाई मान्यता दिइनेछ ।

६. प्रतिनिधी नियूक्त गरि सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधी (प्रोक्सी) स्वतः बदर हुनेछ ।

७. साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, काठमाण्डौमा सम्पर्क राख्नहुन समेत अनुरोध गरिन्छ ।

**संचालक समितिको आज्ञाले,**

CamScanner